सूचना !　　　　　　　　　　सूचना !!　　　　　　　　　　सूचना !!!

सर्वोच्च अदालतको पुर्ण बैटकको मिति २०७६/१२/३० मा भएको निर्णय अनुसार अदालतका काम कारवाही र सेवा प्रवाह सीमित गरिएको मिति २०७६/१२/०९ देखि बन्दाबन्दी (लकडाउन) खुलेको मिति सम्मको अवधिलाई न्यायिक काम कारवाहीको प्रयोजनको लागि शून्य अवधि मानी सो अवधिमा हदम्याद, म्याद, तारिख लगायतको गणना नगर्ने, बन्दाबन्दीक खुलेको मितिले बाटाको म्याद बाहेक ३० (तीस) दिन भित्र उपस्थित भएमा हदम्याद, म्याद वा तारिख नगुज्रिने गरी सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासबाट मिति २०७७/०२/१५ मा भएको आदेश र नेपाल सरकारको मिति २०७६/१२/०९ को निर्णयले मिति २०७६/१२/११ गते देखि लागू भएको बन्दाबन्दी (लकडाउन) सम्बन्धी व्यवस्था मिति २०७७/०४/०६ गते मध्यरात पछि अन्त्य गर्ने गरी नेपाल सरकारबाट निर्णय भएको सन्दर्भमासम्मानित सर्वोच्च अदालतको बृहत् पुर्ण इजलासबाट भएको आदेशको व्यवस्था र प्रदान भएको सुविधामा प्रतिकूल असर नपर्ने गरी देहाय बमोजिम उपस्थित हुनुहुन सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहायः-

१. नेपाल सरकारको मिति २०७७/०३/२३ को निर्णयको आधारमा जिल्ला भित्र मात्र यात्रु वाहक सार्वजनिक यातायात मिति २०७७/०४/०८ बाट संचालनमा आउने भन्ने उल्लेख भएकोले यस अदालतमा हदम्याद, म्याद, तारिखमा उपस्थित हुनुपर्ने अवस्थाका यस जिल्ला भित्र रहनु भएका सेवाग्रहीहरु मिति २०७७/०४/०८ गते देखि बाटोको म्याद बाहेक ३० दिभ भित्र उपस्थित हुन।
२. नेपाल सरकारको मिति २०७७/०४/१५ गतेको निर्णयको आधारमा लामो वा छोटो दुरीका निजी तथा सार्वजनिक यात्रुबाहक सवारी साधन एक जिल्लाबाट अर्को जिल्लामा र आन्तरिक तथा अन्तराष्ट्रिय हवाई उडान २०७७/०५/०१ गते देखि संचालन हुने भएकोले यस अदालतबाट सेवा लिनुपर्ने अन्य जिल्लामा रहेका सेवाग्रहीहरु २०७७/०५/०१ गते देखि बाटोको म्याद बाहेक ३० दिन भित्र उपस्थित हुन ।

साथै मिति २०७७/०४/०८ गते देखि नै यस अदालतमा फिराद दर्ता, प्रतिउत्तर दर्ता, तारिख दिने लगायतका सम्पूर्ण काम कारवाहीहरु सुचारु भएकोले न्यायिक काम कारवाहीको लागि यस अदालतमा उपस्थित हुँदा सम्बन्धित पक्ष मात्र उपस्थित हुनुहुन तथा यस अदालतमा सेवाको लागि आउँदा कम्तीमा २ मिटरको दूरी राखी अनिवार्य रुपमा मास्क लगाइ आउनुहुन तथा तोकिएको स्थान (बाहिर इयाल) बाट सेवा लिन समेत अनुरोध गर्दछौं ।